# दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

## स्टाफ नर्स सेवा करारमा पदपुर्ति सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति २०८१/०९/०३

दक्षिणकाली नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम यस न.पा. अन्तर्गतको दक्षिणकाली नगर अस्पताल, चाल्नाखेल, काठमाडौंमा तपसिल बमोजिमको पदमा लोक सेवा आयोगबाट सिफारिस वा अन्यत्रबाट स्थायी कर्मचारी सरुवा भई नआएसम्मको लागि सेवा करारमा राखि कामकाजमा लगाउनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम, शैक्षिक योग्यता र अनुभव, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेभसाईट www.dakshinkalimun.gov.np बाट उपलब्ध हुनेछ ।

तपसिलः

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | परिक्षा दस्तुर रु. |
|---|---|---|---|---|
| १ | ३-२०८१/०८२ | स्टाफ नर्स | २ (दुई) | ५००।- |

१) **आवश्यक न्यूनतम योग्यता :**

क) नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरी नेपाल नर्सिङ काउन्सिलबाट प्रमाण पत्र प्राप्त गरेको ।

ख) कार्य अनुभव र माथिल्लो शैक्षिक योग्यता हासिल गरेकोलाई विशेष ग्राह्यता दिईनेछ ।

ग) दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुगी ३५ ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघेको ।

२) **आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

क) नेपाली नागरिकताको प्रतिलिपि ।

ख) न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भएमा शैक्षिक योग्यता खुलेको तथ्यांक र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

ग) सबै प्रमाणपत्रहरुमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ । समकक्षता चाहिनेको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

घ) नेपाल नर्सिङ काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

ङ) कार्य अनुभवको प्रतिलिपि ।

३) **सेवा सुविधा :**

क) यस नगरपालिकाको निर्णय बमोजिम मासिक रु.२५,३००।- ।

४) **परिक्षाको मिति र किसिम :** पछि प्रकाशन गरिनेछ ।

५) सूचनामा उल्लेख भए बाहेकका अन्य आवश्यक कुराहरु उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे तथा प्रचलित कानून बमोजिम हुनेछ ।

६) आवेदन फाराम यस नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयको प्रशासन शाखाबाट समेत प्राप्त गर्न सकिनेछ ।

७) थप जानकारीको लागि यस नगरपालिकाको सम्पर्क नं. ०१-४७१००२८ र इमेल info@dakshinkalimun.gov.np मा सम्पर्क गर्न सक्नु हुनेछ ।

२।२

-नि. प्रमुख प्रशासकीय अधिकृत